# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/११/१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

अस्थायी प्रहरी पोष्ट लक्ष्मीनियाँ, धनुषामा कार्यरत प्रहरी जवान मनोज प्रसैला (घुमुवा प्रहरी) ले मदिरा विक्री वितरण सहज बनाइदिने भनी सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु.१०,०००/-(दश हजार) घुस वापतको रकम लिदै गर्दाको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज प्रहरी जवान मनोज प्रसैलाले सोही कार्यलयका प्रहरी सहायक निरीक्षक सन्तोषकुमार सिंहसंगको मिलेमतोमा उक्त घुस रकम लिएको खुल्न आएको हुँदा निजहरु प्रहरी जवान मनोज प्रसैला र प्रहरी सहायक निरीक्षक सन्तोषकुमार सिंहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.१०,०००/-(दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजायँ हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता